# श्री केशवटार माध्यमिक विद्यालय

## SHREE KESHAVTAR SECONDARY SCHOOL

व्यास- १४, केशवटार, तनहुँ
VYAS-14, KESHAVTAR, TANAHUN
स्था: २०३१ साल 2030 B.S.

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Letter No.): ०८३/०८४
चलानी नं. (Ref. No.): १५/०८३
मिति (Date): वि. सं. २०८३/०५/१८

सूचना ! सूचना !! सूचना !!!

**विषय : स्थायी शिक्षक सरुवा सम्बन्धमा।**

प्रस्तुत विषयका सम्बन्धमा व्यास नगरपालिका कार्यालयको चं.नं. ७०९ मिति २०८३/०५/१८ गतेको शिक्षक सरुवा विज्ञापन सम्बन्धि पत्रानुसार र मिति २०८३/०५/१८ गते बसेको वि.व्य.स. बैठकको निर्णय नं.१ अनुसार यस श्री केशवटार माध्यमिक विद्यालयमा प्राथमिक तह, तृतीय श्रेणीमा रिक्त पदमा स्थायी शिक्षक सरुवा प्रक्रियाद्वारा पदपूर्ति गर्नु पर्ने भएकाले शिक्षा नियमावली २०५९ को दसौँ संशोधन २०८३ बमोजिमको परिधिभित्र रही योग्य इच्छुक शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको १५ दिन (मिति २०८३/०६/०१ गते) सम्म कार्यालय समयभित्र सरुवाका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात संलग्न राखी दरखास्त आह्वान गरिन्छ। रित नपुगेको, म्याद नाघि आएको निवेदन उपर कुनै कारवाही हुने छैन।

**तपसिल**
**पेश गर्नुपर्ने कागजातहरू :-**

१. सरुवा सहमतिका लागि हस्तलिखित निवेदन
२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
३. आफ्नो सेवा अवधि खुल्ने कागजात
४. स्थायी/अस्थायी नियुक्तिको प्रमाणित प्रतिलिपि
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि
६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सरुवा हाजिरी भएको कागजात
७. असाधारण तथा बेतलबी बिदा लिए/नलिएको सम्बन्धी कागजात
८. विद्यालयको सहमति पत्र
९. सम्बन्धित स्थानीय तहको सहमति पत्र
१०. शिक्षा नियमावली २०५९ को अनुसूची-१७ बमोजिमको फाराम
११. शिक्षा नियमावली २०५९ (दसौँ संशोधन २०८३) बमोजिम प्राथमिकता दावि गर्ने प्रमाणपत्र/कागजात आवश्यक भएमा

**विद्यालयको इमेल ठेगाना :** keshavtarsecondary831@gmail.com
**सम्पर्क नम्बर :** ९७६५६२०३५६, ९८४७२४०९४४, ९८१६६३२४७०

**बोद्धार्थ :**
१. श्री शिक्षा विकास तथा समन्वय एकाई दमौली, तनहुँ-जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।
२. श्री शिक्षा युवा तथा खेलकुद शाखा, व्यास नगरपालिका-जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।
३. व्यास नगरपालिका १४ नं. वडा कार्यालय-जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।
४. विद्यालयको सूचना पाटी तथा वेबसाइटमा प्रकाशन।

रामु गिरी
प्रधानाध्यापक
प्रधानाध्यापक



CamScanner